आज मिति २०७७ जेठ १ गते बिहिबारका दिन यस नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री द्रोण पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा देहायको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**एजेण्डाहरु**

१. कोभिड १९ को रोकथाम तथा नियन्त्रण

२. मनसुन पूर्वतयारी सम्बन्धमा

३. विविध

**निर्णयहरु**

१. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र, स्थानीय प्रशासन, स्थानीय तह आदिबाट भइरहेका कार्यहरुको समीक्षा गरियो। मुलुकका विभिन्न जिल्लाहरुमा संक्रमणको दर तीव्र हुँदै गएकोले सम्भावित विपदको अवस्थालाई मध्यनजर गरी कोभिड- १९ को जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय विपद व्यवस्थापन समिति लगायत विपद तथा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी सबै निकाय तथा संघसंस्थाहरुलाई परिचालन गरी भइरहेका कामलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

२. बर्षातको समय नजिकिंदै गएको हुँदा बर्षातको समयमा हुनसक्ने सम्भावित विपद जोखिमको अवस्थालाई मध्यनजर गरी जिल्लास्तरको मनसुन आपतकालीन कार्ययोजना अद्यावधिक गर्ने तथा स्थानीयस्तरमा स्थानीय मनसुन आपतकालीन कार्ययोजना बनाई लागू गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

३. सबै निकाय तथा संघसंस्थामा रहेका विपद उद्दारमा प्रयोग हुने सामग्रीहरुलाई चुस्त अवस्थामा राख्ने तथा स्थानीय आवश्यकताअनुसार विपद उद्दारका सामग्रीहरु खरिद गरी त्यसको विवरण जिल्ला विपद व्यवस्थापन समितिलाई उपलब्ध गराउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

४. स्थानीय विपद व्यवस्थापन कोष स्थापना नभएको भए अविलम्ब स्थापना गरी आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

५. स्थानीय विपद जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्न यस अघी पटक पटक अनुरोध भएकोमा हालसम्म भएको नपाइएको हुँदा उक्त योजना यथाशीघ्र तयार गरी कार्यान्वयनमा ल्याउनका लागि जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरुलाई पुनःअनुरोध गर्ने निर्णय गरियो ।

६. जिल्ला विपद व्यवस्थापन समितिका यस अघिका बैठकबाट भएका निर्णयहरुको पूर्ण कार्यान्वयन गरी सोको जानकारी गराउन तथा समयमै बार्षिक प्रतिवेदन तयार गरी पठाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।